# बुद्धभूमि नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा

बुड्ढी,कपिलवस्तु

५ नम्बर प्रदेश

नेपाल


प.सं :.०७५/०७६

सूचना नं.०७५/०७६-०६ कृषि

मिति :२०७५/०६/१५

## सूचना। सूचना।। सूचना।।।

प्रथम पटक सूचना प्रकाशित मिति: २०७५/६/१५

यस कार्यालयको आ. व.२०७५/०७६ को स्वीकृत साना सिचाई कार्यक्रम अन्तरगत कृषि समुह/ कृषि सहकारीहरुको मागको आधारमा साना सिँचाई बिशेष कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोले ईच्छुक कृषि समुह/ कृषि सहकारीहरुले प्रथम पटक प्रकाशित सूचनाको १५ दिन भित्र यस बुद्वभूमि नगरपालिका को कृषि विकास शाखामा आयोजनाको प्रस्तावना पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि कृषि विकास शाखा र बुद्वभूमि नगरपालिकाको वेब साईट मा हेर्नु हुन अनुरोध गरिन्छ ।

***प्रस्तावनाका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात तथा विवरण ***

१. कृषि सहकारी संस्था वा कृषक समुहको दर्ता प्रमाण-पत्र नवीकरण भएको प्रतिलिपि |

२. कार्यालय बाट उपलब्ध गराईएको निर्धारित ढांचाको निबेदन |

३. राजस्व वापत फिर्ता नहुने गरि साना सिंचाई निर्माणको लागि रु.१००|- को राजस्व रसिद

४. सम्बन्धित वार्ड कार्यालयको सिफारिस पत्र |

५. आयोजनाको अनुमानित लागत |

६. अयोजना मागको लागि कृषि सहकारी संस्था/कृषक समुहको बैठक वसी गरेको निर्णयको प्रतिलिपि |

७. कार्यक्रमहरु उपभोक्ता समितिबाट संचालन गर्नुपर्ने छ | आफैले नगरी दोस्रो व्यक्ति वा अन्य संघ संस्थालाई ठेक्कापट्टामा दिन पाइने छैन |

८. आयोजनाको कूल लागतको कम्तिमा १५% बराबरको नगद,जिन्सी,स्थानीय श्रमसाधन,कृषि सहकारी संस्था/कृषक समुहले व्यहोर्नु पर्ने छ |

९. कृषि सहकारी संस्था/कृषक समुहहरु आ.व.२०७४/२०७५ को आषाढ मसान्त सम्म दर्ता भएको हुनुपर्ने छ |

१०. जिल्ला कृषि विकास कार्यालय वा अन्य नेपाल सरकारको कार्यालय बाट आ.व.२०७१/२०७२,२०७२/२०७३ र २०७३/२०७४ मा सिंचाई सुविधा प्राप्त समूह,कृषि सहकारी संस्थाहरुलाई यस कार्यक्रममा समावेश गरिने छैन

............................

............................

कृषि प्रसार अधिकृत

शाखा प्रमुख